नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

☎ ४२००३१४
४२००२९९
४२००५०५.

पत्र संख्या :- ०७४/०७५
च.नं.:- ५३२१

मिति :- २०७४/११/२३

विषय :- निर्णय कार्यान्वयन गर्ने ।

श्री जिल्ला समन्वय समितिको कार्यालय सवै ।
श्री महानगर कार्यपालिकाको कार्यालय सवै ।
श्री उपमहानगर कार्यपालिकाको कार्यालय सवै ।
श्री नगर कार्यपालिकाको कार्यालय सवै ।
श्री गाउँ कार्यपालिंकाको कार्यालय सवै ।

उपरोक्त विषयमा आपूर्ति मन्त्रालयको च.नं.६०, मिति २०७४/११/१५ को पत्र यसै साथ संलग्न छ सो अनुसार कार्यान्वयन गर्नु/गराउनु हुन यस मन्त्रालयको मिति २०७४/११/२२ को निर्णयानुसार अनुरोध छ ।

**वोधार्थ :-**

श्री सूचना तथा विधुतीय शासन शाखा :- Web Site मा राखिदिनु हुन ।

..........................
(रविन्द्रजंग थापा)
शाखा अधिकृत

नेपाल सरकार
आपूर्ति मन्त्रालय
(आपूर्ति बजार अनुगमन तथा नियमन शाखा)
सिंहदबार, काठमाडौं

प.सं. : २०७४।७५
च.नं. : ६०

मितिः २०७४/११/१५

विषयः निर्णय कार्यान्वयन गर्ने समवन्धमा ।

सामान्य प्रशासन महाशाखा
दर्ता :- 2526
मिति :- 11/22

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक तथा पूर्वाधार विकास शाखाको प.सं.७१-०७४/७५ च.नं. ४१२९ मिति २०७४/११/१४ को निर्णय कार्यान्वयन गर्ने वारे प्राप्त पत्रमा उल्लेखित **सम्माननीय प्रधानमन्त्रीज्यूवाट क्याविनेटमा निर्देशन भए वमोजिम विदेशवाट आयात हुने सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पार्ने विषादीयुक्त तरकारी फलफूल तथा खाद्य पदार्थको आयात तथा प्रयोगमा नियन्त्रणका उपायहरुका सम्वन्धमा** श्रीमान मुख्य सचिव लोकदर्शन रेग्मीज्यूको अध्यक्षतामा मिति २०७४/११/११ मा भएका बैठकको निर्णयहरुको कार्यान्वयनका लागि स्थानीय तहलाई निर्देशन दिने व्यवस्था हुन निर्णयको छाँयाकपी यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(आर्थिक तथा पूर्वाधार विकास शाखा)
सिंहदरवार, काठमाण्डौ । ।

कपिल प्रसाद रेग्मी
शाखा अधिकृत

मिति २०७४।११।११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्यसचिवज्यूको अध्यक्षतामा विदेशबाट आयात हुने सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पार्ने विषादीयुक्त तरकारी, फलफूल तथा खाद्य पदार्थको आयात तथा प्रयोगमा नियन्त्रणका उपायहरू सम्बन्धमा राखिएको बैठकका निर्णयहरू :

१. नेपालमा आयात हुने विषादीयुक्त र रोगयुक्त खाद्य वस्तु तथा जीव पदार्थहरूको आयातमा प्रभावकारी नियन्त्रण गर्न देहायका मन्त्रालयहरूले आजैदेखि आवश्यक कार्य शुरू गर्ने :

   कृषि मन्त्रालय

   गृह मन्त्रालय (सशस्त्र प्रहरी)

   आपूर्ति मन्त्रालय

   बाणिज्य मन्त्रालय

   अर्थ मन्त्रालय (राजश्व)

२. बुँदा निर्णय नं. १ कार्यन्वयनको अवस्थाको बारे नेपाल सरकारका आर्थिक पूर्वाधार विकास हेर्ने सचिवज्यूको अध्यक्षतामा प्रत्येक हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयमा समिक्षा बैठक आयोजना गर्ने ।

३. नेपालमा उत्पादन हुने तथा आयात हुने तरकारी र फलफूलमा प्रयुक्त विषादीको Maximum Residual Limit (MRL) कृषि विकास मन्त्रालयले ३ महिनाभित्र तोकि लागू गर्ने ।

४. मानव, पशुपन्छी र वनसपति स्वास्थ्यमा विषादीबाट पर्नसक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्ने उद्देश्यले कृषि विकास मन्त्रालय र पशुपन्छी विकास मन्त्रालयले तरकारी, फलफूल, बिउबिजन र पशुपन्छी आयात गर्न पाउने हरेक प्रदेशमा कम्तिमा एक ओटा प्रविधियुक्त नाका एक महिनाभित्र तोक्ने ।

५. नेपालमा उत्पादित वा आयात हुने तरकारी, फलफूल तथा मासुजन्य पदार्थमा Good Agricultural Practices (GAP), Good Husbandry Practices (GHP) र Integrated Pest Management (IPM) प्रणालीको अभ्यासलाई प्रवर्द्धन गर्दै प्रमाणीकरण गर्ने विद्यमान व्यवस्थामा सुधार ल्याउने कार्य कृषि विकास मन्त्रालयले तत्कालै शुरू गरी यो कार्यलाई निरन्तरता दिने ।

६. तोकिएको मात्रा भन्दा बढी विषादीयुक्त तरकारी एवं फलफूलको आयातलाई निरूत्साहित गर्ने कार्यमा गृह मन्त्रालय, अर्थ मन्त्रालय (भन्सार प्रशासन), आपूर्ति मन्त्रालय र अन्य निकायहरूले आवश्यक समन्वय र सहयोगमा गर्ने ।